# युनाईटेड ईदि मर्दी एण्ड आर.बि. हाइड्रोपावर लिमिटेड

पोखरा लेखनाथ महानगरपालिका वाड नं. १७, कास्की
Email : unitedidimardi7mw@gmail.com
Website : www.idimardihydro.com.np

## १५ औ वार्षिक साधारण सभाको निर्णय माइन्युट

**पुष्ठभूमी :**

यस युनाईटेड ईदि मर्दी एण्ड आर.वि. हाइड्रोपावर लिमिटेडको १५ औ वार्षिक साधारण सभा मिति २०८१।१२।११ गते (तद्अनुसार March, 24, 2025) सोमबार बिहान दिनको ११:०० बजे आभ्या क्लब, घारीपाटन-१७ पोखरा कास्की, सञ्चालक समितिका अध्यक्ष श्री प्रकाश के.सी.ज्यू को अध्यक्षतामा बस्यो ।सञ्चालक समितिका अध्यक्ष, सञ्चालकहरु, शेयरधनीहरु, कम्पनीका पदाधिकारीहरु तथा आमन्त्रित सवै महानुभावहरुको आसन ग्रहण पश्चात् अध्यक्षज्यूको अनुमति लिई कम्पनी सचिवले १५ औं वार्षिक साधारण सभाको कार्यक्रम संचालन गर्नु भयो ।

**१) सभा सम्बन्धी सूचना र प्रकाशन :**

१५ औं वार्षिक साधारण सभाको सूचना र छलफल हुने प्रस्तावहरुको जानकारी मिति २०८१।११।१५ गते र २०८१।१२।०४ गते को राष्ट्रिय दैनिक नेपाल समाचारपत्र पत्रिकामा प्रकाशित गरी सबै शेयरधनी महानुभावहरुलाई साधारण सभामा भाग लिन आमन्त्रण गरिएको थियो । सो सम्वन्धमा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र वोर्ड तथा नेपाल स्टक एक्सचेन्ज लि मा समेत जानकारी गराइएको थियो ।

**२) उपस्थिति :**

**क) सञ्चालक तथा पदाधिकारीहरु :**

| | |
|---|---|
| १. श्री प्रकाश के.सी. | अध्यक्ष |
| २. श्री रोशन के.सी. | प्रबन्ध निर्देशक |
| ३. श्री सुनिल नारायण श्रेष्ठ | कार्यकारी सञ्चालक |
| ४. श्री किरण के.सी. | सञ्चालक |
| ५. श्री विश्व प्रकाश गौतम | सञ्चालक |
| ६. किशोरी कार्की गोदार | सञ्चालक |
| ७. श्री निरज पौड्याल | कम्पनी सचिव |

**ग) शेयरधनीहरु :**

यस वार्षिक साधारण सभामा कुल शेयरधनीहरु मध्ये २५२ जना (संस्थागत शेयरधनी तथा प्रतिनिधि समेत) शेयरधनीहरुको उपस्थिति रहेको थियो ।

United Idi Mardi & RB Hydropower Ltd. Pokhara

३) सभाको गणपूरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व :

| विवरण | कुल संख्या | स्वयं उपस्थिति | प्रोक्सी | जम्मा | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| कम्पनीको शेयरधनी संख्या | ४१७७२ जना | २५१जना | १ जना | २५२ जना | ०.६० % |
| कम्पनीको शेयर कित्ता | ४४,१०,००० कित्ता | २२,६७,४६२ कित्ता | ४९४० कित्ता | २२,७२,४०२ कित्ता | ५१.२८% |

४). सभाको बैधानिकता :

कम्पनी ऐन, २०६३ को दफा ७३ र कम्पनीको स्वीकृत नियमावली बमोजिम वार्षिक साधारण सभा संचालन गर्नको लागि गणपूरक संख्या पुगेको हुँदा सभा संचालन गर्ने अनुमति अध्यक्ष ज्यूबाट प्राप्त भयो । शेयरधनी महानुभावहरुबाट पनि कम्पनीको वार्षिक साधारण सभा संचालनको लागि गणपूरक संख्या पुगेको र सभा रीतपूर्वक बोलाइएको ठहर गरी विधिवत् रुपमा साधारण सभाको कारवाही अगाडि बढाउन अनुमति प्राप्त भयो ।

अध्यक्षज्यूको अनुमति लिई कम्पनी सचिवले १५ औं वार्षिक साधारण सभामा छलफल हुने प्रस्तावहरुको सूचि, सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने वार्षिक प्रतिवेदन र आ.व. २०८०/८१ को वार्षिक आर्थिक विवरण तथा लेखापरीक्षण प्रतिवेदन उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु समक्ष वितरण गरियो । साधारण सभामा निम्न विषयहरुमा विस्तृत छलफल गरी देहाय बमोजिमको निर्णय पारित भयो ।

५) छलफलका लागि प्रस्तावित विषयहरु :

साधारण सभामा छलफल तथा निर्णयका लागि देहायका प्रस्तावहरु प्रस्तुत गरिएको थिए ।

क) साधारण प्रस्तावः

१. संचालक समितिको तर्फबाट अध्यक्ष ज्यू बाट प्रस्तुत हुने आ.व.२०८०/८१ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने सम्वन्धमा ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०८०/८१ का वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रभाव विवरण सहितको वित्तीय विवरणहरु (अनुसुचीहरु समेत) छलफल गरी पारित गर्ने सम्वन्धमा ।

३. आ.व.२०८१।८२ को लेखापरीक्षण कार्यको लागी लेखापरीक्षक नियूक्ति एंव निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा ।

४. सञ्चालक समितिबाट सिफारिस भएबमोजिम २०८१ असाढ मसान्त सम्मको सञ्चित मुनाफाबाट शेयरधनीहरुलाई चुक्ता पुँजीको ०.२११ प्रतिशतका दरले हुने रु.९,३२,८४२। (अक्षेरुपी नौ लाख बत्तिस हजार आठ सय बयालिस मात्र) नगद लाभांस (कर प्रयोजनका लागी) वितरणको प्रस्ताव स्वीकृत गर्ने सम्वन्धमा

५. कम्पनीको नियमावलीमा व्यवस्था भए बमोजिम सञ्चालकहरुको निर्वाचन गर्ने सम्वन्धमा ।

United Idi Mardi & RB Hydropower Ltd. Pokhara

ख) विशेष प्रस्ताव

१. सञ्चालक समितिबाट सिफारिस भएबमोजिम २०८१ असाढ मसान्त सम्मको सञ्चित मुनाफाबाट शेयरधनीहरुलाई चुक्ता पुँजीको ४ प्रतिशतका दरले हुने रु १,७७,२४,०००। (अक्षरेपी एक करोड सत्तह्त्तर लाख चैबिस हजार मात्र ) बराबरको बोनस शेयर बितरणको प्रस्ताव स्वीकृत गर्ने सम्वन्धमा ।

२. बोनस शेयर जारी भए पश्चात कायम हुने चुक्ता पूँजिको १:१ (एक बराबर एक) अनुपातमा हकप्रद शेयर निष्काशन गरि कम्पनीको पूँजी बृद्धि गर्ने सम्वन्धमा ।

३. कम्पनीको प्रवन्धपत्र र नियमावलीमा संसोधन गर्ने सम्वन्धमा ।

४. हकप्रद शेयर जारी गर्ने कार्य गर्दा विद्युत नियमन आयोग, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, कम्पनी रजिष्ट्रारको कार्यालय लगायत नियमनकारी निकायमा आवश्यक कार्य गर्न कम्पनीको सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।

ग) विविध

६) सभा संचालन तथा प्रस्ताव उपर छलफल :

सञ्चालक समितिका अध्यक्ष श्री प्रकाश के.सी.ज्यूले लिखित मन्तव्य सहित सञ्चालक समितिको तर्फबाट आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गर्नु भयो । सभामा प्रस्तुत वार्षिक प्रतिवेदनको वाचन पश्चात आ.व. २०८०/८१ को वार्षिक आर्थिक विवरण अन्तर्गत वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र इक्वीटीमा भएको परिवर्तन सम्बन्धमा सभामा उपस्थित संस्थापक शेयरधनी तथा समाज सेवी आदरणीय व्यक्तित्वहरुले विभिन्न विषयहरुमा सुझाव दिदै वार्षिक साधारण सभाको सफलताको लागि शुभकामना व्यक्त गर्नु भयो ।

७) सभाबाट पारित निर्णयहरु :

क) साधारण प्रस्ताव :

१. सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूबाट प्रस्तुत भएको आ.व.२०८०/८१ को वार्षिक प्रतिवेदन पारित गरियोस भनी सभामा पेश हुँदा सर्वसम्मती बाट पारित भयो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०८०/८१ का वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रभाव विवरण सहितको आर्थिक वित्तीय विवरणहरु (अनुसुचीहरु समेत) पारित गरियोस भनी सभामा पेश हुँदा सर्वसम्मती बाट पारित भयो ।

३. कम्पनीको ऐन, २०६३ को दफा १११ अनुसार आ.व.२०८१।०८२ को लेखापरीक्षण गर्नेको लागी लेखापरीषक श्री Pramod Panthi & Associates, chartered Accounts, लाई लेखापरीक्षक नियूक्ति गर्ने एंव निजको पारिश्रमिक कर वाहेक रु ३,००,००० । (अक्षरुपी तीन लाख मात्र) दिने निर्णय सभाबाट पारित भयो ।

United Idi Mardi & RB Hydropower Ltd. Pokhara

४. सञ्चालक समितिबाट सिफारिस भएवमोजिम २०८१ असाढ मसान्त सम्मको सञ्चित मुनाफाबाट शेयरधनीहरुलाई चुक्ता पुंजीको ०.२११ प्रतिशतका दरले हुने रु ९,३२,८४२। (अक्षरेपी नौ लाख वत्तिस हजार आठ सय बयालिस मात्र) नगद लाभांस (बोनस शेयर को कर प्रयोजनका लागी) वितरणको प्रस्ताव स्वीकृत गर्ने निर्णय सभावाट पारित भयो ।

५. प्रस्ताव नं. ५ उपर छलफल गर्दा संचालक समितिको स्वीकृत नियमावली बमोजिम आगामी कार्यकालका लागि संचालक समितिको चयन गर्नुपर्ने भएकोले श्री प्रकास के.सी.ज्यूको अध्यक्षतामा देहाय बमोजिमको संचालक समितिकोचयन गर्ने निर्णय सभाले सर्वसम्मत रुपमा अनुमोदन गर्दै पारित गर्ने निर्णय गरियो । साथै कम्पनी ऐन २०६३ को दफा १०७ को उपदफा १बमोजीम तयार गरेको सञ्चालक लगत ऐ ऐ को उपदफा २ बमोजीम कम्पनी रजिष्ट्रारको कार्यालयमा पठाउने निर्णय गरियो ।

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १. | प्रकास के.सी | सञ्चालक |
| २. | रोशन के.सी. | सञ्चालक |
| ३. | किरण के.सी. | सञ्चालक |
| ४. | विश्व प्रकाश गौतम | सञ्चालक |
| ५. | सौगात कुमार वाग्ले | सञ्चालक |
| ६. | किशोरी कार्की गोदार | सञ्चालक |

**ख) विशेष प्रस्ताव**

१. सञ्चालक समितिबाट सिफारिस भएबमोजिम २०८१ असाढ मसान्त सम्मको सञ्चित मुनाफाबाट शेयरधनीहरुलाई चुक्ता पुँजीको ४ प्रतिशतका दरले हुने १,७७,२४,०००। (अक्षरेपी एक करोड सतहत्तर लाख चैबिस हजार मात्र ) बराबरको बोनस शेयर वितरणको प्रस्ताव स्वीकृत गरियोस भनी सभामा पेश हुँदा सर्वसम्मती बाट पारित भयो ।

२. बोनस शेयर जारी भए पश्चात कायम हुने रु ४६ करोड ०८ लाख २४ हजार र चुक्ता पूँजीको **१:१** (एक बराबर एक) अनुपातमा हकप्रद शेयर निष्काशन गर्नु पर्ने भएकाले कम्पनीको अधिकृत पुजी रु. रू.१,००,००,००,०००।-( एक अर्व रुपैया मात्र ) , जारी पुजी रू.९२,१६,४८,०००।-( बयानब्बे करोड सोह्र लाख अठचालीस हजार रुपैया मात्र ) र चुक्ता पूँजी रू.४६,०८,२४,०००।-( छयालीस करोड आठ लाख चौबीस हजार रुपैया मात्र ) बृद्धि गर्ने प्रस्ताव स्वीकृत गरियोस भनी सभामा पेश हुँदा सर्वसम्मती बाट पारित भयो ।

३) कम्पनीको प्रबन्ध पत्र र नियमावलीमा संसोधन गर्ने सम्वन्धमा ।

**विशेष प्रस्ताव** नं. ३ उपर छलफल गर्दा कम्पनीको स्वीकृत नियमावलीको नियम १२ को उपनियम (३) र नियम २७ को उपनियम ) (२) र प्रवन्धपत्रको दफा ६को (क) (ख) (ग) मा देहाय बमोजिम हुनेगरी नियमावली र प्रबन्ध पत्रमा बिषेश प्रस्ताब पारीत गर्ने निर्णय गरीयो साथै सँसोधित नियमावली र प्रबन्धपत्र अभिलेखकोलागि कम्पनी रजिष्ट्रारको कार्यालयमा पठाउने विशेष प्रस्ताब पारीत गरीयो ।

United Idi Mardi & RB Hydropower Ltd. Pokhara

## संशोधित नियमावली

नियमावलीको नियम १२ (३) :- शेयर बिक्री  र धितो बन्दक सम्बन्धी व्यवस्थाः-

(३) कम्पनीले हकप्रद शेयर निस्काशन गरेको अवस्थामा साविकको शेयरवालाले देहायको अवस्थामा अन्य कुनै व्यक्तिले खरिद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुला भएको अवधि भित्र प्रचलीत कानुन बमोजिम संम्वन्धित संगठित संस्थामा निवेदन दिई मनोनयन गर्न सक्ने छ ।

(क) मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोवार एकाई अनुसार हुने व्यवस्था प्रचलित कानुन बमोजिम प्रकाशित विवरणमा व्यवस्था गरिएको,

(ख) सम्बन्धित नियामक निकायले शेयरको स्वामित्व संख्याको सीमा तोकेकोमा त्यस्तो सीमा भित्र रहेको,

(ग) कम्पनीको शेयर संरचना वा संचालक समिति समुहकृत गरिएको भएमा सोहि समुह भित्र रहने गरि मात्र मनोनयन गरिएको,

(घ) मनोनयन गरिने व्यक्ति प्रचलित कानुन बमोजिम कालो सुचिमा नरहेको,

(ङ) मनोनयन गरिने व्यक्ति प्रचलित कानुन बमोजिम त्यस्तो संस्थाको शेयर खरिद गर्न अयोग्य नभएको

(४) उपनियम (३) बमोजिम मनोनयन गर्दा एक व्यक्ति लाई मात्र मनोनयन गनु पर्ने छ ।

(५) शेयरवालाले आफ्नो हकको हकप्रद शेयर बिक्रीको लागि उपनियम (३)बमोजिम अन्य ब्यक्ति लाई मनोनयन गरेमा त्यस्तो शेयरवालाले सोही कम्पनीको अरु शेयरवालाको हकप्रद शेयर खरिद गर्न पाइने छैन ।

(६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि धितोपत्र बजार सम्बन्धित प्रचलीत कानुन बमोजिम हक हस्तान्तरण हुन सक्ने छ ।

**नियमावलीको नियम २७ (२) :- सञ्चालक समिति सम्बन्धी व्यवस्थाः-**

(२) यस कम्पनीमा ७ (सात) जनाको सञ्चालक समिति रहने छ । जसमा शेयर धनी समूह बाट एक जना महिला सहित ६ (छ) जना र १ (एक) जना स्वतन्त्र संचालक रहने छ ।

**प्रबन्धपत्र को दफा ६ को  क ख र ग संसोधन गर्ने सम्बन्धमा**

कम्पनीको प्रवन्धपत्र संसोधन गर्ने सम्बन्धमा आवश्यक छलफल गर्दा कम्पनीको बोनस शेयर वितरणको प्रस्ताव स्वीकृत भएकाले कम्पनीको जारी पूँजी र चुक्ता पूँजी तपसिल  बमाजिम बृद्धि गर्ने निर्णय सर्वसम्मती बाट पारित भयो ।

तपसिल

**क**) कम्पनीको साविक अधिकृत पूँजी रू.६०,००,००,०००/-( साठी करोड रुपैया मात्र ) लाई वृद्धि गरी रू.१,००,००,००,०००।-( एक अर्व रुपैया मात्र ) गर्ने गरी प्रबन्ध पत्रको दफा ६ को (ख) संशोधन गर्ने निर्णय गरियो ।

United Idi Mardi & RB Hydropower Ltd. Pokhara

ख ) कम्पनीको साविक जारी पूँजी रू.४४,३१,००,०००/-( चवालीस करोड एकतीस लाख रुपैया मात्र ) लाई वृद्धि गरी रू.९२,१६,४८,०००।-( बयानव्वे करोड सोह्र लाख अठचालीस हजार रुपैया मात्र ) गर्ने गरी प्रवन्ध पत्रको दफा ६ को (ख) संशोधन गर्ने निर्णय गरियो ।

ग) कम्पनीको साविक चुक्ता पूँजी ४४,३१,००,०००/-( चवालीस करोड एकतीस लाख रुपैया मात्र ) लाई वृद्धि गरी रू.४६,०८,२४,०००।-( छयालीस करोड आठ लाख चौबीस हजार रुपैया मात्र ) गर्ने गरी प्रबन्ध पत्रको दफा ६ को (ग) संशोधन गर्ने निर्णय गरियो ।

४. हकप्रद शेयर जारी गर्ने कार्य गर्दा विद्युत नियमन आयोग, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, कम्पनी रजिष्ट्रारको कार्यालय लगायत नियमनकारी निकायमा आवश्यक कार्य गर्न कम्पनीको सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने दिने प्रस्ताव सर्वसम्मती बाट पारित भयो ।

**ग) विविध**

विविध शिर्षक अर्न्तगत कुनै पनि प्रस्ताव नभएको हुँदा सो शिर्षक अर्न्तगत अन्य कुनै निर्णय भएन।

**८) सभा विसर्जन :**

कम्पनी सचिवले साधारण सभाको निर्धारित विषयसूची अनुसार छलफल तथा निर्णयहरु भएको हँदा अध्यक्ष ज्यू लाई १५औं वार्षिक साधारण सभा अन्त भएको घोषणा गर्दै सभा विसर्जन गर्नको लागि अनुरोध गर्नु भयो ।

अध्यक्ष ज्यूले शेयरधनी महानुभावहरुले सभामा दिनुभएको राय सुझावहरुलाई मनन् गर्दे सकारात्मक सुझावहरुलाई ग्रहण गरी कम्पनीको आगामी दिनमा व्यवस्थापन गर्ने प्रतिबद्धता व्यक्त गर्नु भयो । अध्यक्ष ज्यूले शेयरधनी महानुभाव, स्थानिय सरोकारवाला तथा जन प्रतिनिधीहरु सँग हातेमालो गर्दै आयोजना संचालन गर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो । यस कम्पनीले आगामी वर्षहरुमा शेयरधनी महानुभावहरुलाई राम्रो प्रतिफल प्रदान गर्न सक्षम बनाउने जानकारी दिएर वार्षिक साधारण सभामा सहभागी सम्पूर्ण शेयरधनी महानुभावहरु प्रति हार्दिक आभार व्यक्त गर्नु भयो ।

साथै अन्त्यमा अध्यक्ष ज्यूले कम्पनीको १५ औं वार्षिक साधारण सभामा सहभागी भई सभालाई सूचारु रुपमा सम्पन्न गर्न गराउन सहयोग पुर्‍याउनु भएकोमा सबै शेयरधनीहरु, संचालक समीतिका सहकर्मि सदस्यहरु, व्यवस्थापक तथा कर्मचारीहरु, शेयर रजिष्ट्रार, आमन्त्रित व्यक्तित्वहरु, तथा कम्पनीको प्रगतिमा प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग गर्ने अन्य सम्बद्ध सबैलाई धन्यवाद ज्ञापन गर्नु भयो । अध्यक्षज्यूले शेयरधनीहरुले सञ्चालक समिति प्रति देखाएको विश्वास र सद्भावको निमित्त कृतज्ञता ज्ञापन गर्दे १५ औं वार्षिक साधारण सभा बिसर्जन भएको घोषणा गर्नु भयो ।

साधारण सभा दिउसो १२:३० बजे बिसर्जन भएको थियो ।

| | | | |
|---|---|---|---|
| निरज पौड्याल | सुनिल नारायण श्रेष्ठ | रोशन के.सी. | प्रकाश के.सी. |
| (कम्पनी सचिव) | (कार्यकारी सञ्चालक) | (प्रबन्ध निर्देशक) | (अध्यक्ष) |

United Idi Mardi & RB Hydropower Ltd. Pokhara